# काठ लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०४**

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई शितगंगा १२ चौकीदमारमा घाटगद्दी गरी राखिएको साल जातको काठ ५७९६.१३ क्यू. फि., अन्य जातको ५४४.७४ क्यू.फि. साल दाउरा २३.७५ चट्टा र अन्य दाउरा ७.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखांची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री डोहोटे सामुदायिक बन उपभोक्ता समूह**
**शितगंगा न.पा. १२ डोहोटे अर्घाखाँची**

रेशमराज बन्जाडे
अध्यक्ष

# श्री डोहोटे सामुदायिक वन उपभेक्ता समुह
## शितगंगा न.पा. १२ डोहोटे अर्घाखाँची
## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८२/१२/०४ (मध्यान्ह राष्ट्रिय दैनिक)**

यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना बमोजिम डिभिजन बन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १२ चौकीदमारमा घाटगद्धीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | साल | - | A | ९६ | १९२९.५८ | १२५०।- | |
| | | | B | १४२ | १४७७.९८ | ९००।- | |
| | | | C | ३४३ | १९१८.६० | ६००।- | |
| | | | D | १६६ | ४७०.०१ | ३००।- | **कटान मुछान खर्च** काठ रु.१८६।-प्रति क्यू.फि. दाउरा प्रति चट्टा रु. १८१५०।- |
| २ | असना | | A | ४ | १४१.६४ | ४००।- | |
| | | | B | ६ | ९७.६१ | ३००।- | |
| | | | C | ४१ | २६१.४३ | १००।- | |
| ३ | जामुन | | C | ३ | १०.८४ | १००।- | |
| ४ | बाँझी | | - | ८ | ३३.१३ | १००।- | |
| ५ | साल दाउरा २३.७५ चट्टा | | | | | १२०००।- | |
| ६ | अन्य दाउरा ७.०० चट्टा | | | | | ४०००।- | |

१. बोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/१२/२४ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)
२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/१२/२५ गते दिनको १.०० बजे सम्म ।
३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -
**(क) समुहको कार्यालय । (ख) डिभिजन बन कार्यालय अर्घाखाँची ।**
४. बोलपत्र साथ कबोल गरेको रकमको १०% हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको रा. बा. बैक शाखा कार्यालय सन्धिखर्क अर्घाखाँचीमा रहेको खाता नं. ३०५०१००००३२०७००१ मा जम्मा गरेको सक्कल **भौचर** नै पेश गर्नु पर्ने छ
**५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ**
६. लिलाम हुने वन पैदावार शितगंगा १२ चौकीदमारमा रहेको घाटगद्धीमा स्थलगत रुपमा हेर्न सकिने छ ।
७. रितपुर्बक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८२/१२/२६ गते दिउसो ३.०० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य व्यक्तिहरुको रोहबरमा समुहको कार्यालयमा खोलिने छ ।
८.लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्वर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।
९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।
१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ ।
११. लिलाम स्वीकृत भएको जानाकारी पाएको ४५ (पैतालिस) दिन भित्र सकार कर्ताले बन पैदावार नियमानुसार उठाई नलगेका निजको धरौटी रकम जफत गरी दास्रो हुनेलाई सो बन पैदावार उपलब्ध गराईने छ ।
१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।
१३. अन्य प्रचलित कानुन बमोजिम हुने छ ।